ऐन नं.

# कञ्चन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## कञ्चन रुपन्देही

गाउँ कार्यपालिकाको अर्थ सम्बन्धी
प्रस्तावलाई कार्यान्वयन गर्न बनेको
आर्थिक ऐन,२०७५।

## कञ्चन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

## आर्थिक ऐन,२०७५

गाउँ सभाबाट स्वीकृत मितिः-

# कञ्चन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

# आर्थिक ऐन,२०७५

**प्रस्तावना :**

कञ्चन गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त स्थानीय कर, शुल्क,दस्तुर र जरीवाना संकलन गर्न छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम कञ्चन गाउँपालिकाको गाँउ सभाले यो ऐन बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम आर्थिक ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन २०७५ श्रावण १ गते देखि कञ्चन गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२) एकीकृत सम्पति कर :**कञ्चन गाउँपालिका क्षेत्रभित्र अनुसूचि  बमोजिम एकीकृत सम्पत्ति कर लगाईने र असूल उपर गरिनेछ ।

३) **घर जग्गा बहाल कर:** कञ्चन गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूचि बमोजिम घर जग्गा बहाल कर लगाईने र असूल गरिनेछ ।

**४) पेशा व्यवसाय कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उधोग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुन सुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा अनुसूचि  बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुलि गर्दा बैंक तथा बित्तीय संस्था र सुपर मार्केटहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

**५) जडिबुटी, कवाडी र जीवजन्तु कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिवा संस्थाले उन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिड.,प्वांख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**६) सवारी साधन कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**७) विज्ञापन कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र हुने सवै प्रकारको विज्ञापनमा अनुसूचि  बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८) मनोरञ्जन कर :** कञ्चन गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई संचालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि  बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ  तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९) बहाल बिटौरी शुल्क :** कञ्चन गाउँपालिका क्षेत्रभित्र गाउँपालिका आफुले निर्माण, रेखदेख वा संचालन गरेका वा सार्वजनिक ऐलानीपर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा सार्वजनिक जग्गा, सोमा बनेका संरचना र बिशेष मेलापर्वमा बहाल विटौरी शुल्क लगाईने छ ।

**१०) सवारी साधन पार्किङ शुल्क**ः कञ्चन गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि  बमोजिम सवारी साधन पाकिङ शुल्क लगाइ असुल उपर गरिनेछ । साथै सार्वजनिक निजी अवधारणा अनुसार पार्किङ व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाले कञ्चन गाउँपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्नेछ ।

**११) सेवाशुल्क, दस्तुर :** कञ्चन गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२) पर्यटन शुल्क :** कञ्चन गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचि  मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ, तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१३) घरजग्गा रजिष्ट्रेशन शुल्क** : कञ्चन गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पतिहरुको रजिष्ट्रेशन गर्दा अनुसूचि  बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असुल उपर गरिनेछ ।

**१४) कर छुट :**  यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१५) कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यको हकमा यस ऐन संग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

**१६) यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**१७) नियम वा कार्यविधि बनाउन सक्ने :**कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

**१८) साविक बमोजिम हुने :** यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

**१९) खारेजी :** साविकमा कञ्चन गाउँपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएका हदसम्म खारेज हुनेछ ।

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

कञ्चन गाउँपालिकाको कार्यालयले आ.व. २०७५/०७६ मा लिइने सिफारिस दस्तुर तथा अन्य शुल्क निम्नानुसार कायम गर्ने निर्णय गरिएको छ।

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण दस्तुर |
|---|---|---|---|
| १ | नावालक प्रमाणित सिफारिस | रु १००। | |
| २ | नाता प्रमाणित सिफारिस | रु ३००। | |
| ३ | सँस्था दर्ता सिफारिस तथा नविकरण | रु १०००। | रु. ५०० |
| ४ | कोठा खाली गर्ने सिफारिस | रु २००। | |
| ५ | बाटो कायम सिफारिस | रु ५००। | |
| ६ | मुद्दा चलेको आयस्रोत कम भएको सिफारिस | निशुल्क | |
| ७ | कक्षा थपको सिफारिस | रु १०००। | |
| ८ | घर भत्किएको सिफारिस | निशुल्क | |
| ९ | आन्तरिक बसाइसराइ | रु ५०। | |
| १० | अपाङ्ग परिचय पत्र सिफारिस | निशुल्क | |
| ११ | आर्थिक स्रोत कम भएको सिफारिस | निशुल्क | |
| १२ | वार्षिक आम्दानी विवरण आम्दानीको ०.३ प्रतिशत | ०.३०% | |
| १३ | *सम्पति मुल्यांकन सिफारिस 10000000 सम्म रु ५०००। र सो भन्दा माथी प्रति लाख १०० थप* | | |
| १४ | करचुक्ता सिफारिस | रु १००। | |
| १५ | व्यवसाय बन्द सिफारिस | रु १००। | |
| १६ | छात्रबृत्ति सिफारिस | निशुल्क | |
| १७ | विवाह प्रमाणित | रु १००। | |
| १८ | जन्ममिति प्रमाणित | रु १००। | |
| १९ | धारा जडान सिफारिस | रु १००। | |
| २० | विधुत सिफारिस | रु १००। | |
| २१ | अस्थाइ बसोवास सिफारिस | रु १००। | |
| २२ | स्थाइ बसोवास सिफारिस | रु १००। | |
| २३ | अविवाहित सिफारिस | रु १००। | |
| २४ | कित्ताकाट सिफारिस | रु २००। | |
| २५ | नागरिकता सिफारिस | रु १००। | |
| २६ | विधुत सिफारिस | रु १००। | |
| २७ | पेन्सन सिफारिस नेपाल र भारत | रु ५००। | |
| २८ | पेन्सन सिफारिस तेस्रो मुलुक | रु १०००। | |
| २९ | घरबाटो प्रमाणित | रु ५००। | |
| ३० | नाम थर फरक सिफारिस | रु १५०। | |
| ३१ | तिन पुस्ते प्रमाणित | रु १००। | |
| ३२ | फरक जन्ममिति प्रमाणित | रु १००। | |

कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कञ्चन-२, गजेडी, रुपन्देही ५ नं. प्रदेश, नेपाल २०७३

| क.स. | विवरण | दर्ता शुल्क | नविकरण दस्तुर |
|---|---|---|---|
| ३३ | फरक अंग्रेजी हिज्जे | रु १००। | |
| ३४ | सडक खन्ने काम निजी र प्लटिङ्ग | रु ५०००। | |
| ३५ | धुरीकर खर | रु ५०। | |
| ३६ | धुरीकर खपडा टाली | रु १००। | |
| ३७ | धुरीकर पक्कि घर | रु २००। | |
| ३८ | धुरीकर पक्की घर १ तला माथी प्रत्येक तला थप | रु १००। | |
| | *सम्पति कर लागु भए पश्चात धुरी कर एकिकृत करमा शमावेश गरिने छ ।* | | |
| | चारकिल्ला सिफारिस | | |
| ३९ | बैंक प्रयोजन | रु ५००। | |
| | बिक्री प्रयोजन | | |
| ४० | जग्गामा खरिद बिक्रि को लागि चार किल्ला सिफारिस गर्दा मुल्याङ्कनको | ०.३०% | |
| | निम्नानुसार सडकमा छोएको जग्गामा निम्नानुसारको मुल्य कायम गर्ने । | | |
| ४१ | सालझण्डी पानीटंकी बेलडांडा बनकसिया सरकारी बोरीङ्ग हुदै गेंडहवा ताल जाने सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ४०००००। | |
| ४२ | बनकसिया गरगरे भैसाही कोठी पुल सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ३०००००। | |
| ४३ | वरपिपल चोक देखि पुतिघाट हुँदै रुद्रपुर मा वि हुदै धौलागिरी चोक सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ४०००००। | |
| ४४ | हरैया झलवा पच्चिस वगिया सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ४०००००। | |
| ४५ | पिपरीचापा चौपारी हुदै घनश्याम चोक सम्मको सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ३०००००। | |
| ४६ | पिपरीचापा -भैसाही- पच्चिस वगिया सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ३०००००। | |
| ४७ | लौसा कुचेरा दानापुर सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ३०००००। | |
| ४८ | अक्सफोर्ड कुचेरा रातडाँडा बासगढी सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ३०००००। | |
| ४९ | दानापुर पुलदेखि गजेडी गाउँसम्म सडक | रु. ३०००००। | |
| ५० | कुत्ता वसन्तफुलवारी कमलचोक सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ३०००००। | |
| ५१ | थकालीचोक सरस्वती मा वि पच्चस वगिया सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ३०००००। | |
| ५२ | डायरीचोक राधाकृष्ण मन्दिर दुर्गा मन्दिर लखनचोक सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ३०००००। | |
| ५३ | क. फायरलइन- प्रतापपुर- हरैया-हनुमान नगर सडक मोहडामा पर्ने जग्गाको प्रति कठ्ठा | रु. ६०००००। | |
| ५४ | ख. "क" मा उल्लेखित सडकमा जोडिएको भित्रि कालोपत्रे र ग्राभेल बाटोको मोहडामा पर्ने जग्गा प्रति कठ्ठा | रु. ४०००००। | |

| क.स. | विवरण | दर्ता शुल्क | नविकरण दस्तुर |
|---|---|---|---|
| ५५ | ग. "ख" मा उल्लेखित सडकमा जोडिएको भित्रि कालोपत्रे र ग्राभेल बाटोको मोहडामा पर्ने जग्गा प्रति कठ्ठा | रु.३०००००। | |
| ५६ | घ. सालझण्डी पानीटंकी बेलडांडा बनकसिया सरकारी बोरीङ्ग हुदै गैडहवा ताल जाने सडक मोहडा का जग्गा प्रति कठ्ठा | रु. ४०००००। | |
| ५७ | ङ. "घ" मा उल्लेखित सडकमा जोडिएको भित्रि कालोपत्रे र ग्राभेल बाटोको मोहडामा पर्ने जग्गा प्रति कठ्ठा | रु.३०००००। | |
| ५८ | च. बासगडी -बेलवरिया-सुर्यपुरा सडक , बासगडी गजेडी मसिना भैरमघाट -हरैया सडक र बनकसिया गरगरे भैसाही कोठीपुल सडक का मोहडको जग्गा प्रति कठ्ठा | रु. ५०००००। | |
| ५९ | छ.माथि उल्लेखित सडक( ६१ -८० सम्म) बाहेक अन्य सडकमा पर्ने जग्गाको मोहडा प्रति कठ्ठा | रु. २०००००। | |
| ६० | ज. बाटो नभएको भित्रि जग्गा प्रति कठ्ठा | रु. १२००००। | |
| | मालपोत शुल्क भुमिकर | | |
| ६१ | १० कठ्ठा सम्म न्युनतम | रु. १००/- | |
| ६२ | १० कठ्ठा देखि २० कठ्ठा सम्म प्रति कठ्ठा थप | रु. १५/- | |
| ६३ | २० कठ्ठा देखि ४० कठ्ठा सम्म प्रति कठ्ठा थप | रु. २०/- | |
| ६४ | ४० कठ्ठा देखि माथि प्रति कठ्ठा थप | रु. ३०/- | |
| | छुट कित्ता दर्ता सफारिस | | |
| ६५ | न्युनतम १ कठ्ठा सम्मको छुट कित्ता सिफारिस न्युनतम | रु. १५००। | |
| ६६ | १ कठ्ठा भन्दा माथि थप थप प्रति कठ्ठा | रु. ८००। | |
| | बकस पत्र तर्फ | | |
| ६७ | बकस पत्र सिफारिस न्युनतम १ कठ्ठा सम्म | रुं १०००। | |
| ६८ | १ कठ्ठा भन्दा माथि प्रति कठ्ठा | रु २००। | |
| | शेष पछिको बकस पत्र सिफारिस | | |
| ६९ | बकस पत्र सिफारिस न्युनतम १ कठ्ठा सम्म | रु ७००। | |
| ७० | १ कठ्ठा भन्दा माथि प्रति कठ्ठा | रु १५०। | |
| ७१ | जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपी | रु. ३००। | |
| ७२ | जग्गा धनि प्रमाण पत्र लिन सिफारिस | रु.५००। | |
| ७३ | जग्गा नामसारी तथा अँशबण्डा सिफारिस | रु ५००। | |
| ७४ | घरकायम सिफारिस | रु. ५००। | |
| ७५ | मोही लगत कट्टा सिफारिस | रु १०००। | |
| | व्यावसाय कर तर्फ | | |
| ७६ | मदिरा थोक बिक्रेता | रु. ३०००। | रु. २०००। |
| ७७ | मदिरा खुद्रा (फूटकर) बिक्रेता | रु. २०००। | रु. १०००। |
| ७८ | जिम हाउस दर्ता सुल्क तथा नविकरण सुल्क | रु २५००। | रु १०००। |
| ७९ | होटेल गेष्ट हाउस सहित दर्ता सुल्क तथा नविकरण सुल्क | रु २०००। | रु १०००। |

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, गजेडी, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण दस्तुर |
|---|---|---|---|
| ८० | रेष्टुरेण्ट दर्ता सुल्क तथा नविकरण सुल्क | रु १५००। | रु ५००। |
| ८१ | होटल रेष्टुरेन्ट स्वमिङ पुल सहित दर्ता सुल्क तथा नविकरण सुल्क | रु. ४०००। | रु. २०००। |
| ८२ | पार्टि प्यालेस दर्ता सुल्क तथा नविकरण सुल्क | रु ३००० | रु १५००। |
| ८३ | क्याटरिङ्ग/टेन्ट हाउस दर्ता सुल्क तथा नविकरण सुल्क | रु ३०००। | रु ५००। |
| ८४ | पुल हाउस दर्ता तथा नवीकरण सुल्क | रु २५००। | रु १०००। |
| ८५ | छापाखाना दर्ता | रु २५००। | रु १०००। |
| ८६ | सहकारी सस्था दर्ता सिफारिस | रु १०००। | रु ५००। |
| ८७ | कम्प्युटर तालिम तथा मर्मत केन्द्र | रु १०००। | रु ५००। |
| ८८ | विधालयको विषयगत सिफारिस | रु ५००। | |
| ८९ | व्यसायिक फर्म दर्ता शुल्क | रु १०००। | रु ५००। |
| ९० | कोल्ड ड्रिंक्सक/ मदिरा पसल दर्ता | रु ३०००। | रु १०००। |
| ९१ | इलेकुट्रोनिक्स मर्मत मात्र भएको | रु १०००। | रु ५००। |
| ९२ | बिधुत इलेक्ट्रोनिक्स पसल | रु १०००। | रु ५००। |
| ९३ | सवारी साधन मर्मत ग्यारेज | रु १०००। | रु ५००। |
| ९४ | रिकण्डिसन हाउस | रु १०००। | रु ५००। |
| ९५ | फेस हाउस मासु पसल दर्ता | रु १५००। | रु ५००। |
| ९६ | लेखापढि व्यवसायी सुचिकृत वार्षिक | रु ५००। | रु. ५००। |
| ९७ | हेभी इक्युपमेण्ट सुचिकृत वार्षिक डोजर लोडर एक्साभेटर लगायतका | रु ७०००। | रु. २५००। |
| ९८ | सुनचाँदी पसल दर्ता | रु २०००। | रु १०००। |
| ९९ | पावर टेलर | रु ५००। | |
| १०० | रिङ्ग टायल ब्लक उधोग | रु ५००। | |
| १०१ | सेलर मिल | रु २०००। | |
| १०२ | लुगा सिलाउने कपाल काट्ने फोटो स्टुडियो पसल दर्ता | रु ५००। | रु ५००। |
| १०३ | जेट मेसिन धान काट्ने | रु १०००। | |
| १०४ | कम्पनी शेयर बिक्री प्रतिशेयर | रु १००। | |
| | अस्पताल तथा ओषाधी पसल | | |
| १०५ | अस्पताल | रु ५०००। | रु १०००। |
| १०६ | पोलिक्लिनिक | रु २५००। | रु १०००। |
| १०७ | फार्मेसी सम्बन्धी पसल | रु १५००। | रु ५००। |
| १०८ | ल्याब प्रयोगशाल सहित | रु १५००। | रु ५००। |
| | उधोग दर्ता सिफारिस | | |
| १०९ | घरेलु उधोग | रु १०००। | |
| ११० | मझोला उधोग | रु १५००। | |
| १११ | ठुला उधोग | रु ८०००। | |
| | बैंक तर्फ | | |
| ११२ | "क" वर्गको बैंक बार्षिक शुल्क | रु. ३०००। | |

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, गजेडी, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

| क.स. | विवरण | दर्ता शुल्क | नविकरण दस्तुर |
|---|---|---|---|
| १४० | इलेक्ट्रिनिक्स पसल दर्ता तथा नविकरण | रु २००० | रु १००० |
| | सवारी साधन तर्फ | | |
| १४१ | मोटरसाइकल सो रुम तथा मर्मत दर्ता तथा नविकरण | रु २००० | रु १५०० |
| १४२ | टेक्टर मर्मत तथा पार्टस दर्ता तथा नविकरण | रु २००० | रु १५०० |
| १४३ | मोटरसाइकल मर्मत दर्ता तथा नविकरण | रु १००० | रु ५०० |
| १४४ | साइकल सो रुम तथा मर्मत दर्ता तथा नविकरण | रु १५०० | रु १००० |
| १४५ | साइकल मर्मत पसल दर्ता तथा नविकरण | रु १००० | रु ५०० |
| १४६ | छड सिमेन्ट हार्डवेयर लगायत मरोसिनरी पेन्टस सेनेटरी मार्वल पसल दर्ता तथा नवीकरण | रु २५०० | रु १५०० |
| १४७ | पेट्रोलियम तर्फ दर्ता तथा नवीकरण | रु ५००० | रु २००० |
| १४८ | ग्यास डिलर दर्ता तथा नवीकरण | रु १००० | रु ५०० |
| | खाद्यन्न तर्फ | | |
| १४९ | खाद्य सप्लायर्स दर्ता तथा नवीकरण | रु २००० | रु १००० |
| १५० | गल्ला थोक दर्ता तथा नवीकरण | रु २००० | रु १००० |
| १५१ | खाद्यान्न किराना थोक दर्ता तथा नवीकरण | रु २००० | रु १००० |
| १५२ | साना कीराना पसल दर्ता तथा नवीकरण | रु ५०० | रु ५०० |
| १५३ | आलु प्याज लसुन लगायत तरकारी फलफुल पसल दर्ता तथा नवीकरण | रु ५०० | रु ३०० |
| | निर्माण व्यावसायी तर्फ | | |
| १५४ | मिक्चर भाईब्रेटर सटरिङ्ग सामान सहित दर्ता तथा नवीकरण | रु ३००० | रु १५०० |
| १५५ | सटरिङ्ग मात्र भएको दर्ता तथा नवीकरण | रु १५०० | रु १००० |
| १५६ | निर्माण व्यावसायी दर्ता तथा नवीकरण | रु १००० | रु ५०० |
| | उद्योग तर्फ | | |
| १५७ | ईट्टा उद्योग दर्ता तथा नवीकरण | रु १५००० | रु ५००० |
| १५८ | घरेलु उद्योग दर्ता तथा नवीकरण | रु १५०० | रु १००० |
| १५९ | ग्रील तथा आल्मुनियम उद्योग दर्ता तथा नवीकरण | रु २००० | रु १५०० |
| १६० | ठुला उद्योग दर्ता तथा नवीकरण | रु १००००/ | रु ५०००/ |
| | सञ्चार माध्यम तर्फ | | |
| १६१ | एफ/एम दर्ता तथा नवीकरण | रु. ५००० | रु. १००० |
| १६२ | टि भी च्यानल सन्चालन दर्ता तथा नवीकरण | रु. ७००० | रु.१५०० |
| १६३ | केबुल सन्चालन दर्ता तथा नबीकरण | रु. ३००० | रु. १००० |
| १६४ | पत्रपत्रिका दर्ता तथा नवीकरण | रु. १००० | रु. ५०० |
| १६५ | मिठाई तथा चिया पसल दर्ता तथा नवीकरण | रु. १००० | रु. ५०० |
| | शैक्षिक संस्था तर्फ ( निजि) | | |
| १६६ | आधारभुत तह सम्म बार्षिक शुल्क | रु. २५००/ | |
| १६७ | मा. वि. तर्फ वार्षिक शुल्क | रु. ३५००/ | |
| | *विद्यालय सञ्चलन अनुमतिः( निजि)* | | |

गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन गाउँपालिका
कञ्चन-२, गजेडी, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

| क.स. | विवरण | दर्ता शुल्क | नविकरण दस्तुर |
|---|---|---|---|
| १६८ | आधारभुत तह सम्म प्रति कक्षा | रु. २५०००/ | |
| १६९ | मा. वि. तर्फ प्रति कक्षा | रु. ३५०००/ | |
| १७० | विद्यालय ठाउँसारी | रु.५०००/ | |
| १७१ | नामसारी र नाम परिवर्तन | रु.३०००/ | |
| | शिक्षा तर्फ( निजि) | | |
| १७२ | निजि क्याम्पस | रु. ५०००/ | |
| १७३ | प्राविधिक शिक्षा निजि | रु ४०००/ | |
| १७४ | एजुकेशनल कन्सल्टेन्सी | रु. २०००/ | |
| १७५ | ड्राईभिङ्ग इन्सीच्युट | रु.१०००/ | |
| १७६ | भाषा शिक्षा कोचिङ्ग सेन्टर | रु. १०००/ | |
| | शिक्षक सरुवा अनुमति | | |
| | गाउँ पालिका भित्र | | |
| १७७ | आधारभुत तह सम्मको | रु. १०००/ | |
| १७८ | माध्यमिक तह सम्मको | रु. १५००/ | |
| | जिल्ला भित्र ( अन्तर स्थानीय तह) | | |
| १७९ | आधारभुत तह सम्मको | रु. १५००/ | |
| १८० | माध्यमिक तह सम्मको | रु. २०००/ | |
| | बेजिल्ला ( अन्तर जिल्ला ) | | |
| १८१ | आधारभुत तह सम्मको | रु. ५०००/ | |
| १८२ | माध्यमिक तह सम्मको | रु. १००००/ | |
| | शिक्षक भर्ना ( विज्ञापन अनुमति ) | | |
| १८३ | आधारभुत तह सम्मको | रु. ५००/ | |
| १८४ | माध्यमिक तह सम्मको | रु. १०००/ | |
| | सवारी साधन तर्फ दर्ता बार्षिक कर शुल्क | | |
| १८५ | बस | रु. २०००/- | रु. २०००/- |
| १८६ | बस नामसारी सिफारिस | रु. ५००/- | रु. ५००/- |
| १८७ | कार जिप भ्यान | रु.१०००/- | रु.१०००/- |
| १८८ | टेक्टर | रु. २०००/- | रु. २०००/- |
| १८९ | ठेला टांगा रेक्सा | रु. १००/- | रु. १००/- |
| १९० | ई-रेक्सा | रु. ५००/- | रु. ५००/- |
| १९१ | टिप्पर / ट्रक | रु. ३०००/- | रु. ३०००/- |
| १९२ | हेभी इक्युमेन्ट | रु. ५०००/ | रु. ५०००/ |
| | *यस कञ्चन गाउँपालिका क्षेत्रबाट माटो बालुवा मिस्कट गिट्टी निकासि एंव ढुवानी गर्ने गाडीबाट सवारी कर बाटो मर्मत शुल्क वापत प्रति ट्रिप निम्न शुल्क लिने* | | |
| १९३ | जिप कार भ्यान | रु. २०/- | |

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, गजेडी, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

| क्र.स. | विवरण | दर्ता शुल्क | नविकरण दस्तुर |
|---|---|---|---|
| १९४ | बस मिनि बस | रु. ५०/- | |
| १९५ | प्रति ट्याक्टर ट्रालि | रु. २००/- | |
| १९६ | प्रति टिप्पर / ट्रक | रु. ५००/- | |
| | पुनश्चः गाउँपालिकामा दर्ता भई बार्षिक सवारी कर बुझाएका (१-९ सम्मका) सवारी साधनलाई पटके कर लाग्ने छैन । | | |
| १९७ | ईट्टा संकलक तथा बिक्रि डिपो | रु.२५००( बार्षिक) | |
| १९८ | निर्माण सामग्री सप्लायर्स | रु.५०००( बार्षिक) | |
| १९९ | "घ" बर्गको निर्माण व्यवसायीको बार्षिक नविकरण शुल्क | | रु.५०००/- |
| २०० | कसैले यस गाउँपलिका भित्र सार्वजिनक जग्गामा होडश्ङ्ग वोर्ड साईन वोर्ड पम्पलेट पोस्टर जस्ता विज्ञापन सामग्री हरु राखेमा निम्न वमोजिमको बार्षिक विज्ञापन कर लिईने छ ।<br>*क. होडश्ङ्ग वोर्ड प्रति बर्ग फिट - रु. ५०/-*<br>*ख. साईन वोर्ड प्रति बर्ग फिट - रु. २०/-*<br>*ग. भित्तेलेखन प्रति बर्ग फिट - रु. २०/-*<br>*घ. व्यानर प्रति गोटा - रु. २०/-* | | |
| २०१ | मेला महोत्सव भित्र सर्कस पिङग लगायताको मनोरञ्जनको स्विकृतीका लागि प्रत्येक कार्यक्रमको लागि | रु. १५००/ | |
| | हाट बजार तर्फ | | |
| २०२ | हाटबजार ताल तलैया गाउँपालिका मातहतमा रहने | | |
| | घर नक्सा पास तर्फ | | |
| २०३ | *क. नयाँ घर प्रति स्क्वायर फिट*<br>*- मुल सडकमा रु. ५/*<br>*- अन्य सडकमा रु. ४/*<br>*ख. पुराना घरको नक्सा पास*<br>*-एक तला रु. १०००/ ( ६ कोठा सम्म)*<br>*-दुई तला रु १५००/*<br>*- तीन तला सम्म रु. २०००/*<br>*कन्सल्टेन्सी प्रति घर अनुसार रु.३००/* | | |
| २०४ | *हाट बजार ताल तलैया सार्वजनिक सम्पतिको भाडा गाउँपालिकाका ठेक्का बाहेको कुल अंकको* | १५ प्रतिशत | १५ प्रतिशत |
| २०५ | इन्जनियरिङग कल्सन्टेन्सी दर्ता तथा नवीकरण | रु. २००० | रु. १००० |
| २०६ | सामुदायिक वनको वार्षिक आम्दानीको | १० प्रतिशत | |
| २०७ | साझेदारी वनको हिस्सेदारीको आधारमा | १० प्रतिशत | |
| २०८ | इन्जनियरिङग कल्सन्टेन्सी सुचिकृत | रु १५००। | |

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, गजेडी, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

| क.स. | विवरण | दर्ता शुल्क | नविकरण दस्तुर |
|---|---|---|---|
| २०९ | कन्सल्टेन्सीबाट प्रति घर नक्सा पेश भए अनुसार | रु २००। | |
| २१० | माटो खन्ने र निकासी स्विकृती प्रति घन फिट | रु १। | |
| | कञ्चन तथा कोठी खोलाबाट निकासी हुने निम्नानुसारको शिर्षकमा प्रति घन फिट निम्नानुसारको दस्तुर लिने | | |
| २११ | बालुवा | रु ५। | |
| २१२ | ढुङ्गा | रु ६। | |
| २१३ | गिट्टी | रु ४। | |
| | अव्यवस्थीत जग्गा को कर सम्बन्धमा | | |
| २१४ | अव्यवस्थीत जग्गा को खरिद बिक्रिमा खरिद मुल्यको १.५ प्रतिशत कर लिने | १.५०% | |
| | अव्यवस्थीत जग्गा नापजाच र प्रमाण पत्र वितरणको लागी | | |
| २१५ | १ कठ्ठा देखि ५ कठ्ठा सम्मको प्रति कठ्ठा | रु. २५०/ | |
| २१६ | ५ कठ्ठा भन्दा माथि १० कठ्ठा सम्म थप प्रति कठ्ठा | रु. ३५०/ | |
| २१७ | १० कठ्ठा भन्दा माथि १ बिगाहा सम्म थप प्रति कठ्ठा | रु. ४५०/ | |
| २१८ | १ बिगाहा भन्दा माथि थप प्रतिकठ्ठा | रु. ५५०/ | |
| २१९ | अन्य माथि उल्लेख नभएको पसलहरुको हकमा | रु १०००। | रु ५००। |
| २२० | यसमा नपरी छुट भएका कर दस्तुर तथा राजश्वको विषयमा गाउँकार्यपालिकाको बैठकले तोके बमोजिम हुने छ । | | |

माथि उल्लेख भएको मोहडा जग्गा भन्नाले ( ३० फिट ✗ १२१ फिट) लाई मानिने छ ।

२०/१/१२

गोकर्ण बहादुर क्षेत्री
अध्यक्ष